खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं
असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मस्तिष्कघातजस्ता रोगहरू लाग्न सक्छन् ।
त्यसैले,
- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com



प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर १६ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 01 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ९३

## वनकर्मीको आडमा काठ तस्करी बढ्दो –जनप्रतिनिधिहरू

प्रस, वीरगंज, १४ मङ्सिर/

सबडिभिजन वन कार्यालय, पर्सामा कार्यरत कर्मचारीहरूको दोहोरो नीतिका कारण अहिले पर्सामा वनविनाश



गत शुक्रवार बरामद भएका १७ थान झ्याल–ढोकाका सेट । तस्वीरः फाइल

तीव्ररूपमा भइरहेको जनप्रतिनिधिहरूले आरोप लगाएका छन् ।

स्थानीय जनप्रतिनिधिहरूले दिएको जानकारी अनुसार कर्मचारीहरूको मिलेमतोमा वन फँडानी बढेको छ । कर्मचारीहरूले कम परिमाणको काठ पक्राउ गरी समाचारमाध्यम र सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गराउने गरेको तर वास्तविकतामा रातिपख दैनिकरूपमा सालको रूख कटान गरी खुलेआम तस्करी गराउने काम भइरहेको जनप्रतिनिधिहरूले आरोप लगाए ।

पर्साको राष्ट्रिय वन क्षेत्र वरिपरि ठूलो सङ्ख्यामा वैध र अवैध काठ चिरान मिल र फर्निचर उद्योगहरू सञ्चालनमा छन् । यी चिरान मिल र फर्निचर उद्योगहरूलाई डिभिजन वन कार्यालय, पर्सा र साझेदारी वन उपभोक्ता समितिले काठ बिक्री गरिएको पनि देखिंदैन । तर पनि चिरान मिल र फर्निचर उद्योगहरू पुराना काठ खरीदका बिलका आधारमा नयाँ काठहरू बिक्री गर्ने र छापामारी हुँदा पुराना बिल देखाएर मिलापत्रमा उम्कने गर्दै आएका छन् ।

डिभिजन वन कार्यालय, पर्सा र मातहतका सबडिभिजन वन कार्यालयहरूले आआफ्नो क्षेत्रका चिरान मिल र फर्निचर उद्योगहरूमा निगरानी बढाउने हो भने थुप्रै चिरान मिल र फर्निचर उद्योग बन्द हुने थिए । जनप्रतिनिधिले वन कर्मचारी र तस्करको मिलेमतोमा वन फँडानी हुने गरेको आरोप यस आधारमा पनि लगाएका हुन् । उनीहरूले वन फँडानी र काठ चोरी–तस्करीका बारेमा वनकर्मीहरूलाई दिने गरेको सूचना तस्करसित चुहाउने र सोबापत आर्थिक लाभ लिने गरेको आरोप लगाए । पर्साका जङ्गल क्षेत्रसँग जोडिएका बडनिहार, गुलरिया, बसवरिया, मनवा, टाँडी, हरपुर, सखुवनियालगायतका स्थानहरूबाट ठूलो परिमाणमा काठ तस्करी हुने गरेको छ ।

राष्ट्रिय वनका रूखहरू कटानी गरी सो क्षेत्र खाली गर्ने र यो खाली क्षेत्र अतिक्रमण गर्ने कार्य पनि सुनियोजितरूपमा भइरहेको छ । प्रदेश सरकारले काठ चोरी–शिकारी तथा वन अतिक्रमणविरुद्ध वार्षिक बजेट विनियोजन गरी पठाउने गरेको तर उद्देश्यपरक काममा सो बजेट खर्च नहुने गरेको आरोप छ । नक्कली बिल भरपाईबाट बजेट स्वाहा हुने गरेको कर्मचारी स्रोतको आरोप छ ।

**मोटो रकम लिएर मुद्दा फेरिंदै**

डिभिजन वन कार्यालय र सबडिभिजन वनका कर्मचारीहरू अहिले काठ चोरी–तस्करीका घटनामा आफैं बोक्सी आफैं झाँक्री बनिरहेका छन् । सबडिभिजन वन कार्यालय, बडनिहारको टोलीले पर्सागढी नगरपालिका–३ जोकर खोला हुँदै काठसहितको ना.३त ३२२७ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको थियो । ट्याक्टरसँगै वीरगंज महानगरपालिका–२९ निवासी चालक अनिल चौधरीलाई पक्राउ गरेको थियो । सो ट्याक्टरमा झ्याल–ढोकाका सेट १७ थान थियो ।

गत शुक्रवार रातिको यो घटनामा अहिले ट्याक्टर र चालकलाई कारबाहीविना छाड्ने तयारी भइरहेको एकजना कर्मचारीले बताए । ट्याक्टर सबडिभिजन वन कार्यालय, बढनिहारमा र चालक डिभिजन वन कार्यालय, पर्साको नियन्त्रणमा छ । ठूलो परिमाणमा काठ बरामद भएकोले यसको मुद्दा पर्सा जिल्ला अदालतमा चलाउनुपर्नेमा साधारण टिप्पणी उठाएर सवारीसाधन र चालकलाई छाड्ने तयारी भइरहेको ती कर्मचारी बताउँछन् ।

यस विषयमा कार्यालय प्रमुख मन्जुर अहमदसँग बुझ्दा यस्तो नहुनुपर्ने बताए । उनले १७ थान काठका झ्याल–ढोका बरामदबारेमा अनभिज्ञता जाहेर गरे ।

## ठोरीमा पशुपतिनाथको प्राण–प्रतिष्ठा

प्रस, ठोरी, १५ मङ्सिर/

ठोरीमा आराध्यदेव पशुपतिनाथको शनिवार प्राण–प्रतिष्ठा गरिएको छ । मङ्सिर १३ गते ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले वैदिक विधि अनुसार पशुपतिनाथको प्राण–प्रतिष्ठाको पूर्वाङ्ग गरेका थिए । ठोरी गापा–१ भगवाननगरको सिङ्गेडाँडा कैलाश पर्वतमा १३ गतेदेखि शुरू गरिएको प्राण–प्रतिष्ठाको विधि आज शतबीज छर्दै पूर्णाहुति गरिएको प्राण–प्रतिष्ठाका यज्ञ आचार्य चिरञ्जीवी सापकोटाले बताए ।

कार्यक्रममा गापाध्यक्ष श्रेष्ठले पशुपतिनाथको मन्दिर ठोरीमा स्थापना गरेर बाह्य तथा आन्तरिक पर्यटनलाई भित्र्याउनमा मदत पुग्ने बताए । पशुपतिनाथ मन्दिर निर्माणले यस क्षेत्रको विकासमा आमूल परिवर्तन हुने उनले विश्वास व्यक्त गरे ।

पशुपतिनाथको स्थापनाले विकासको दृष्टिकोणबाट पिछडिएको यस क्षेत्रमा सबैको ध्यान जाने र आन्तरिक तथा बाह्य धार्मिक पर्यटकहरू पशुपतिनाथको दर्शनार्थ आउने क्रम बढ्दै जाने उपाध्यक्ष गोकुलीकुमारी रेग्मीले बताइन् ।

ठोरीलाई धार्मिक नगरी बनाउन



पशुपतिनाथको स्थापनाले थप टेवा पुगेको वडाध्यक्ष अमृतकृष्ण सापकोटाले बताए ।

मङ्सिर १३ गते बिहीवार प्राण–प्रतिष्ठामा ठोरीवासीको उत्साहपूर्ण सहभागिता थियो भने उक्त दिन ठोरी गापा वडा नं १ र २ मा सार्वजनिक बिदा दिइएको थियो ।

## सम्पदा संरक्षणबारे तीन दिने अभिमुखीकरण

रामेश्वर मेहता, सिम्रौनगढ, १५ मङ्सिर/

सिम्रौनगढ क्षेत्रको सम्पदा संरक्षणमा आधारित तीन दिने अभिमुखीकरण



कार्यक्रम शनिवार सिम्रौनगढ नगरपालिका–७ सिम्रौनगढ बजारस्थित उद्योग वाणिज्य सङ्घ सिम्रौनगढको सभाहलमा शुरू भएको छ ।

पुरातत्त्व विभागकी महानिर्देशक सौभाग्या प्रधानाङ्गको अध्यक्षतामा शुरू भएको तीन दिने अभिमुखीकरण कार्यक्रमको प्रदेशसभा सदस्य राजपति देवीले उद्घाटन गरेकी थिइन् । देशभर रहेका पुरातात्त्विक सम्पदाको संरक्षण र त्यसमा स्थानीय तहको भूमिकाबारे सहभागीहरूलाई प्रशिक्षण दिने कार्यतालिका छ ।

कार्यक्रमको उद्घाटन सत्रमा नगरप्रमुख किशोरीप्रसाद कलवार, निमित्त प्रमुख प्रशासकीय अधिकृत हरिओम जैसवाल, वरिष्ठ पुरातत्त्वविद् देवेन्द्रनाथ तिवारी, प्रमुख पुरातत्त्व अधिकृत रामबहादुर कुँवरलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा उद्योग वाणिज्य सङ्घ सिम्रौनगढका अध्यक्ष लालबाबूप्रसाद कुशवाहा, सिम्रौनगढ क्षेत्र पर्यटन विभागका पूर्वअध्यक्ष श्यामकिशोर यादव, स्थानीय समाजसेवी शेख मोतिमसहित वडाध्यक्षहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, सङ्घसंस्थाका प्रतिनिधिहरू सहभागी थिए ।

प्रमुख पुरातत्त्व अधिकृत कुँवरले स्वागत र मञ्जु थापाले सहजीकरण गरेका थिए । उद्घाटन सत्रपछि सहभागीहरूलाई पुरातत्त्व विभागको टोलीले उत्खनन गरिएका स्थानमा भेटिएका वास्तु अवशेष, माटाका खेलौना, पूजा सामग्री, हण्डी, कोइला, खपडालगायतका वस्तुहरूको अवलोकन गराएका थिए ।

## ठोरीमा वडाध्यक्षहरूको भेला, तदर्थ समिति गठन

प्रस, ठोरी, १५ मङ्सिर/

वडाध्यक्षहरूले भोग्नुपर्ने समस्या समाधानमा एकजुट हुन र वडाध्यक्षहरूबीच एकता कायम गर्न पर्सा





जिल्लाका वडाध्यक्षहरू एकजुट भएका छन् । ठोरी गापाका वडाध्यक्ष अमृतकृष्ण सापकोटाको अध्यक्षतामा शनिवार पर्साका वडाध्यक्षहरूको ठोरी भेलाले वडाध्यक्ष एकता समाज नेपाल तदर्थ समिति गठन गर्दै वडाध्यक्षहरू एकजुट र सङ्गठित हुने निर्णय गरेको छ ।

ठोरी गापाको कार्यालय, घ्याङडाँडामा सम्पन्न वडाध्यक्षहरूको भेलाले पटेर्वासुगौली गापाका वडाध्यक्ष विजय गैरेको अध्यक्षतामा ११ सदस्यीय तदर्थ समिति गठन गरेको छ । स्थानीय सरकारको अङ्गका रूपमा काम गरिरहँदा वडाध्यक्षहरूले भोग्नुपर्ने समस्यामा साझा धारणा बनाउन, वडाध्यक्षहरूको क्षमता अभिवृद्धि गर्न तथा वडाध्यक्षहरूबीचमा एकता कायम गर्ने उद्देश्यले एकता समाज गठन गरिएको तदर्थ समितिका अध्यक्ष गैरेले बताए ।

तदर्थ समितिको उपाध्यक्ष जगरनाथपुर गापाका वडाध्यक्ष सुभाषकुमार यादव, सचिव छिपहरमाईका वडाध्यक्ष दीपेन्द्रकुमार सिंह, सहसचिव मोजामिल मियाँ, ठोरी गापाका वडाध्यक्ष अष्टबहादुर लोप्चनलगायत सदस्यहरू छन् । आजको भेलामा पर्साका १४ वटा पालिकामध्ये १० वटा पालिकाका वडाध्यक्षहरू सहभागी थिए ।


## ११ हजारभन्दा बढी प्यालेस्टिनी हिरासतमा

विन्ध्यवासिनी गापामा दुई दिने जलसा सम्पन्न

प्रस, वीरगंज, १५ मङ्सिर/

'प्रेम सबैलाई गरौं, घृणा कसैलाई नगरौं' नाराका साथ विन्ध्यवासिनी गाउँपालिका–५ प्रसौनीभाठामा अहमद सङ्घ नेपालको नवौं वार्षिक जलसा सालाना समारोह सम्पन्न भएको छ ।

मसरुर पब्लिक आधारभूत विद्यालयमा हिजो शुक्रवारदेखि शुरू भएको जलसा सालानाको आज शनिवार अध्यक्ष मोइन अहमदको अध्यक्षतामा समापन भएको हो । कार्यक्रममा पूर्व प्रदेशसभा सदस्य प्रह्लाद गिरी, पकाहामैनपुर गापाध्यक्ष सुरेश महतो, जसपाका नेता तबरेज अहमद, धर्मगुरु शिख समाजका हरमिन्द्र सिंह, ब्रह्माकुमारी राजयोग सेवा केन्द्र वीरगंजका प्रवक्ता कुबेर कुमार, क्रिश्चियन समाजका प्रेमप्रसाद घिमिरेलगायत स्थानीय जनप्रतिनिधिहरूले अहमदिया सङ्घ नेपालद्वारा विगत २७ वर्षदेखि नेपालमा शिक्षा, स्वास्थ्य तथा शुद्ध खानेपानीलगायत अन्य क्षेत्रहरूमा समाजका लक्षित वर्गहरूलाई सहयोग गर्दै आएको बताएका थिए ।





कार्यक्रममा सहभागी सबै धर्मगुरुले संसारमा मानवता र शान्ति कसरी स्थापित गर्ने भन्नेबारेमा आआफ्नो विचार साझा गरेका थिए । उनीहरूले 'प्रेम सबैलाई गरौं, घृणा कसैलाई नगरौं' नारा कार्यक्रमस्थलमा लगाएका थिए ।

विश्वमा शान्ति स्थापनाको लागि अहमदिया समुदायको प्रयास प्रशंसनीय रहेको भन्दै विश्वभर २१६ वटा देशमा काम गर्दै आएको महमद नसीम खानले बताए । सोहीअनुरूप अहमदिया सङ्घले विन्ध्यवासिनी गापामा सार्वजनिक शैक्षिक गुठी मसरुर पब्लिक आधारभूत विद्यालयमा निश्शुल्क शिक्षा दिने कार्य गरिरहेको उनले बताए । यस जमातलाई वर्तमानमा पाँचौं (खलिफा) आध्यात्मिक उत्तराधिकारी नेतृत्व हजरत मिर्जा मसरुर अहमदले नेतृत्व प्रदान गरिरहेका छन् । धर्मबीच कुनै भेदभाव नगरीकन मानव जातिको सेवा गर्नु यस जमातको मुख्य कार्य हो । अहमदिया जमातले हिंसा, अन्याय र आतङ्कलाई समर्थन गर्दैन कमरुल होदा अन्सारीले बताए । कार्यक्रमको सहजीकरण हासिम अहमदले गरेका थिए ।

## विचारसार र सूक्तिहरू

**अहम् भनेको आँखामा परेको धूलो हो । धूलो सफा नगरी हामी कुनै कुरा स्पष्टसँग देख्न सक्दैनौं, त्यसैले पहिले अहम् सफा गर अनि दुनियाँलाई हेर ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# अहम् मेटाउने बाटो हो अध्यात्म

हामी सबैभित्र एउटा सङ्कुचित तत्त्व बसेको छ, जसलाई अहं भनिन्छ। यो सङ्कुचित यस कारणले छ, किनकि यो कहिले पूर्ण बन्न सक्दैन, तर पनि उसको उडान के हुन्छ भने म ठूलोभन्दा ठूलो बनूँ- ज्ञानभन्दा ठूलो, धनभन्दा ठूलो, प्रतिष्ठा र सम्मानभन्दा ठूलो, बाह्य रासरङ्गमा सर्वाधिक केही गर्न सक्ने सबैभन्दा ठूलो।

यसै दिव्य प्रेमलाई समाधि भनिन्छ तथा यसबाट जीवनको उत्कृष्ट स्वरूप अगाडि आउँछ, जसलाई बुझेपछि जीवन अधुरो वा निष्प्राप्य रहँदैन।

अहंको मुक्ति नै आत्माको प्राप्ति हो तथा जुन पनि रूपमा अहं यस्तो गर्न सफल हुन सक्छ, त्यही वास्तविक अध्यात्मको विषय हो। अहंको जटिलता बुझ्दाबुझ्दै हामी थकित हुन्छौं तर पनि

**जुन विधाले जीवनमा कल्याणको मार्ग प्रशस्त हुन्छ, जीवन धन्य एवं परिपूर्ण हुन्छ, त्यो अहं आत्मामा विसर्जन हुनु हो। त्यसैलाई चरितार्थ गर्न हामीले जीवन-समरमा लड्नुपर्छ, समस्याहरूबाट पार पाउनुपर्छ, जीवनलाई उच्च प्रयोजनका लागि समर्पित गर्नुपर्छ।**

अहं भन्दछ कि म सानो यस कारण छु; किनकि दुनियाँले भन्दछ। परमात्मा भन्दछन् कि तँ ठूलो यस कारणले छस्; किनकि तँ मेरो पुत्र होस्। मेरो अधिकारमा तेरो निवास छ तथा तँ जे गर्दछन् त्यसलाई मेरो आदेशको पालन मान। अहंको दुनियाँ ज्यादै सीमित छ, त्यो बढी बुझ्न परिश्रम गर्नुपर्छ, तर हो त्यो रत्ति मात्रको।

आत्मालाई थाहा छ म को हुँ तथा मलाई के दायित्व सुम्पिइएको छ, मेरो अस्तित्व के कुराले छ तथा मेरो दुनियाँमा प्रसन्नता कसरी आउँछ। अहं र आत्माको लडाइँमा आत्मा नै जित्दछ; किनकि त्यो निर्विकार छ, त्यसलाई देख्न सकिन्न न सुन्न नै सकिन्छ; मात्र त्यसको प्रतिच्छवि हाम्रो क्रिया-कृत्यहरूमा तथा हाम्रा आदर्शहरूमा देखिन्छ।

अहंको सारा क्रियाकलाप आत्मालाई पाउनका लागि हो, यस्तोमा यदि उसलाई केही चाहिन्छ भने मात्र आफ्नो अस्मिताको रक्षाबाट मुक्ति तथा जीवनलाई नित्य-नवीन बनाउने सङ्कल्प। अहं कहिल्यै आत्मा बन्न सक्दैन र आत्मा अजेय छ, शायद त्यसलाई बुझ्ने सामर्थ्य अहंमा कहिले पनि विकसित हुन सक्दैन।

आत्माको ज्ञानले हामीलाई महान् बलशाली बनाउँछ भने अहंको निरन्तर-व्यापार मानव चेतनाको पतनको कारण बन्दछ। अहंबाट कुनै क्रान्ति सम्भव छैन, त्यसैले अहं भित्र-बाहिर सबै ठाउँमा दुब्लो हुन्छ। उसले परिष्कारको यात्रा गर्नुछ भने एकमात्र आफ्नो सत्यलाई चिनेर; जुन आत्मा हो। अहं गल्नुदेखि आत्माको जागरणसम्मको यात्रालाई अध्यात्म हो।

भेद के छ भने जुन पूर्ण छैन, त्यो पूर्णताको दिशामा बाहिर उफ्रँदै हिंड्छ र जुन सत्य वस्तु छ, त्यो उसको अधिकारमा हुँदैन। यही अहंको अन्तिम परिणति तथा आत्माको जागरणको सूचक हो।

जब अहं आफ्नो चालढाल, आत्माको दिशा पाइलामा, व्यर्थका कुराहरू त्यागेर, सत्यको साहचर्य तथा आनन्दको यात्रामा देख्दछ तब बिस्तारै-बिस्तारै अहंको विस्तार भएर त्यो आत्मरूप या भनौं परिपूर्णताको सदृश बन्न पुग्दछ।

यही अहं आत्मा बन्ने प्रतिचिह्न हो तथा यसले जीवनमा अद्भुत क्रान्ति घटित हुन्छ, मानौं सम्पूर्ण पर्खाल हल्लिन पुग्यो, हेर्दा केही शेष नै रहेन, चारैतिर प्रेम नै प्रेम भुल्किरहेको छ, कृपा र अनुकम्पाको वर्षा भइरहेको छ।

यात्रा कहिले पूरा हुँदैन। अर्कोतिर आत्माको सरोवर यस्तो छ, जसको एकपटक स्पर्श गर्न सकियो भने जीवनको कायाकल्प हुन बेर लाग्दैन।

अहंको मुक्ति नै अध्यात्म हो, जुन भाँचिएको छ, त्यसलाई फेरि जोड्नु, जुन दुष्प्राप्य छ त्यसलाई सहज बनाउनु तथा आफ्नो आत्माको उत्कृष्ट गति प्राप्त गर्नु, यही अहंको विषय हो। जीवनलाई जसले सही रीति-नीतिले बाँचेको छ, त्यसलाई पूर्ण परिष्कारको मार्गमा अग्रसर गराएको छ, तिनीहरूले बुझ्न सकेका छन् कि आत्मा कहिले विनष्ट हुँदैन तथा अहं मेटिन बेर लाग्दैन।

अहं आफैं आफ्नो मुक्ति चाहन्छ, यस कुराको अनुमान यस सानो प्रसङ्गबाट निकाल्न सकिन्छ कि जब पनि अहंलाई चोट पुग्छ, ऊ अत्तालिएर आत्मा छेउ पुग्छ, यही जीवनको गहिराइ हो, जसका नजीक गएर साँच्चैमा जीवन आदर्श एवं महान् बन्न सक्दछ। जसले पनि हामीलाई यसका लागि अवरोध पुऱ्याउँछ, पछि हट्न कर गर्छ तथा जसबाट चरित्र निर्बल बन्छ, त्यो त्याज्य हो तथा त्यसको ठाउँमा हामीले आत्मप्रधान क्रिया प्रणाली अँगाल्नुपर्छ।

यही अहंलाई आत्मासँग मिलाउने विज्ञान हो, तथा यस मार्गमा हिंडेर आत्मा पूर्णरूपले शुद्ध हुन्छ, आदर्श एवं महान् भनिन्छ। यसलाई जसले बुझ्यो उसले जीवनलाई एउटै सिद्धान्तले हेर्छ कि मेरो अहं मेरा सत्प्रयोजनहरूका बीच नआओस्, मेरो स्थूल स्वभावले मेरो आत्माको सत्य-स्वरूपलाई बाधित नगरोस् र त्यसले यो पनि चाहन्छ कि मेरो जीवन प्रकाशको, सौन्दर्य एवं महानताको प्रतीक-प्रतिनिधि बनोस्।

जुन विधाले जीवनमा कल्याणको मार्ग प्रशस्त हुन्छ, जीवन धन्य एवं परिपूर्ण हुन्छ, त्यो अरू केही होइन, अहं आत्मामा विसर्जन हुनु नै हो। त्यसैलाई चरितार्थ गर्न हामीले जीवन-समरमा लड्नुपर्छ, जीवनका झिनामसिना समस्याहरूबाट पार पाउनुपर्छ, जीवनलाई उच्च प्रयोजनका लागि समर्पित गर्नुपर्छ।

यही अहं र आत्माको लडाइँको अन्त हो तथा यसैबाट जीवनमा दिव्य सौन्दर्य एवं दिव्य अभीप्साको जन्म हुन्छ। जस कसैसँग आत्मावलम्बनको मूल आधार आत्मसमर्पण छ, त्यो व्यक्ति कुनै पनि प्रकारले जीवनको प्रगति पथबाट वञ्चित हुन सक्दैन।

यही आत्मविज्ञान हो।

# विकासोन्मुख सूचीमा स्तरोन्नति र तयारीका विरोधाभास

**समयान्तर**



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**उत्पादन र निकासीमा आफ्नो क्षमता र मौलिक सामर्थ्यमा केन्द्रित हुनुपर्छ। बाहिरबाट कच्चा पदार्थ ल्याएर उत्पादन बाहिर पठाउनुभन्दा मौलिक कच्चा पदार्थका उत्पादन र सूचना प्रविधिको क्षेत्र हाम्रोलागि राम्रो सम्भावनाको क्षेत्र बन्न सक्छन्।**

नेपाल सन् २०२६ नोभेम्बरदेखि अतिकम विकसित मुलुकबाट विकासोन्मुख मुलुकमा स्तरोन्नतिको तयारीमा भइराख्दा यसका लाभ र हानिका बारेमा स्वाभाविक चासो जागृत भएको छ। यो चासोको विषय मात्र होइन, यसका फाइदालाई ग्रहण गर्दै चुनौतीको सावधानीपूर्वक सामनाको तयारी गर्ने समय पनि हो।

**सूचकाङ्कको अवस्था**

अहिले विश्वका ४६ देश अतिकम विकसित देशको सूचीमा छन्। संयुक्त राष्ट्रसङ्घले २०२१ नोभेम्बरमा नेपालसँगै बङ्गलादेश र लाओसलाई अतिकम विकसितबाट विकासशीलमा स्तरोन्नति गर्ने प्रस्ताव अनुमोदन गरेको थियो। स्तरोन्नतिका लागि यसका लागि राष्ट्रसङ्घको मापदण्ड अनुसार राष्ट्रिय प्रतिव्यक्ति आय कम्तीमा १,२२२ अमेरिकी डलरभन्दा माथि हुनुपर्ने, मानव सम्पत्ति सूचकाङ्क ६६ वा त्योभन्दा माथि हुनुपर्ने र आर्थिक जोखिम सूचकाङ्क ३२ भन्दा कम हुनुपर्नेछ। नेपालले सन् २०१५ र सन् २०१८ मा दुवैपटक लगातार मानव सम्पत्ति र आर्थिक जोखिम सूचकाङ्कका आधार पूरा गरेको थियो। तर प्रतिव्यक्ति आयको मापदण्ड पूरा भएको थिएन। तीनमध्ये दुई सूचक पूरा भएमा विकासशीलमा स्तरोन्नतिको सिफारिश हुने भएपनि सन् २०१५ को भूकम्पलाई कारण देखाएर नेपालले तयारीको लागि थप समय मागेको थियो। अहिले प्रतिव्यक्ति आयको मापदण्ड पनि पूरा भइसकेको छ। आर्थिक सर्वेक्षण २०८१ अनुसार नेपालीको औसत आय १,३१० अमेरिकी डलर छ। विश्व बैंकले नेपाललाई सन् २०२० मै न्यून आय भएकोबाट न्यून मध्यम आय भएको मुलुकमा स्तरोन्नति गरिसकेको छ। नेपालले विकासशील देशको सूचीमा जान पाँच वर्षको सङ्क्रमणकालीन समय पाएको छ। यो समयमा राष्ट्रसङ्घले स्तरोन्नतिका लागि आवश्यक सूचकाङ्कहरूको अनुगमन गरिरहेको छ। यो सङ्क्रमणकालीन समयसीमा अब दुई वर्ष बाँकी छ।

**तयारीको ओज**

यो सङ्क्रमणको समयमा नेपालले सम्भावित चुनौतीहरूको सामनाका लागि जुन गतिमा तयारी गर्नुपर्ने हो, त्यो हुन सकेको छैन। स्तरोन्नति केवल चुनौती मात्र हुँदैन, यो नयाँ अवसर पनि हो। यदि योजनाबद्ध ढङ्गले काम गर्ने हो भने त्यसले वैदेशिक लगानीको लागि ढोका खोल्छ। त्यसैले स्तरोन्नतिपछि नेपालले सम्भावित सबै क्षेत्रको पहिचान गर्न आवश्यक छ। स्तरोन्नतिपछि निर्यात घटेमा वा विप्रेषणको आयमा कमी भएमा स्तरीकरणको असरलाई कसरी सामना गर्ने भन्नेमा पर्याप्त गृहकार्य आवश्यक देखिएको छ।

यो अवस्थामा अन्तर्राष्ट्रिय विकास सहायतामा कमी आउनेछ। यस अवस्थामा विकास निर्माणमा आन्तरिक स्रोत पहिचान, प्राप्ति र परिचालनको क्षमता नबढाइ हुँदैन। यसका लागि आन्तरिक स्रोतको उचित संयोजन, खर्चमा पारदर्शिता र सुशासन मुख्य एजेन्डा हुनुपर्छ। अहिले हाम्रो सुशासनको अवस्था दयनीय छ। चौतर्फी भ्रष्टाचार, मिलेमतो, कमिशनखोरी र आसेपासे पूँजीवादको बिगबिगी छ। यी बेथितिहरू स्तरोन्नतिपछि गम्भीर समस्याका रूपमा उभिन सक्ने जोखिमलाई बेवास्ता गर्न मिल्दैन। यसमा नीति निर्माण र कार्यान्वयनको तह सचेत नहुनु खेदको विषय हो।

**उद्यम व्यापारका चुनौती**

नेपालले वैदेशिक व्यापारमा सामना गर्नुपर्ने चुनौतीका बारेमा गरिएको अध्ययनमा विश्व व्यापार सङ्गठनको सदस्यका रूपमा सामना गर्नुपर्ने चुनौतीहरूको न्यूनीकरणका लागि बृहत्तर योजनाको आवश्यकता औंल्याइएको थियो। कानूनी र नियामक ढाँचामा सुधार गर्नुपर्ने सुझाव आएको थियो। आज पनि उद्यम र व्यापारसँग सरोकार राख्ने करीब तीन दर्जन कानूनमा सुधारको आवश्यकता महसुस भएर पनि सुधारमा सक्रियता देख्न पाइएको छैन। कुनै पनि देशको विकासको स्थायित्वका लागि मानव संसाधनको समुचित उपयोग मुख्य कुरा हो। हामीले यसको क्षमता सुधारमा गर्नैपर्ने काम गर्न सकेका छैनौं। मानव पूँजी निर्माणमा राज्यको लगानी अत्यन्तै न्यून छ। यो अवस्थाले गर्दा जनसाङ्ख्यिक अवसरको उपयोग हुन नसक्ने चिन्ता एकातिर छ, अर्कातिर भएको अदक्ष श्रमसमेत निर्यात भइराखेको अवस्था छ।

हाम्रा उत्पादनहरूको लागि बजारको विविधीकरण र अन्तर्राष्ट्रिय सहकार्यलाई बलियो बनाउन आवश्यक छ।

आर्थिक र सामाजिक क्षेत्रमा पर्न सक्ने सम्भावित असरबारे सरकारका विभिन्न निकायहरूले विश्लेषण गरिराखेको भनिए पनि तथ्यपरक रणनीतिक योजनाहरू देखिएका छैनन्। सरकारी अधिकारी र सत्तासीन नेतृत्वले नीतिगत सुधारको तयारी भइरहेको बताइराख्दा अबको दुई वर्षको छोटो समयमा त्यसले परिणाम दिन सक्नेमा आशङ्का अस्वाभाविक होइन। खासगरी नेपालको बाह्य क्षेत्रमा यसले असर पुग्ने देखिन्छ। वैदेशिक व्यापारमा पाएको सहुलियत र अहिले पाइरहेको वैदेशिक सहयोग र अनुदानको दायरा खुम्चिन्छ। अतिकम विकसित देश हुनुका कारण पाइराखेको व्यापार सहुलियत गुम्दा साना, मझौला र लघु उद्यममा पर्ने प्रभाव गम्भीर हुन सक्छ। अहिले नेपालबाट निर्यात हुने वस्तुहरूमा साना, मझौला र लघु उद्यमकै वर्चस्व छ। निर्यात सहुलियत गुम्ने भएपछि त्यस क्षेत्रमा पर्न सक्ने जोखिमबाट जोगाउन उपायको खोजी गरिनुपर्छ। यसको असर कम गर्ने नीतिको अभाव छ। यसमा सरकार र निजी क्षेत्रबीच सहकार्य अपरिहार्य भएपनि त्यस्तो वातावरण र विश्वास देखा परेको छैन।

उत्पादन र निकासीमा आफ्नो क्षमता र मौलिक सामर्थ्यमा केन्द्रित हुनुपर्छ। बाहिरबाट कच्चा पदार्थ ल्याएर उत्पादन बाहिर पठाउनुभन्दा मौलिक कच्चा पदार्थका उत्पादन र सूचना प्रविधिको क्षेत्र हाम्रोलागि राम्रो सम्भावनाको क्षेत्र बन्न सक्छन्। सूचना प्रविधिमा ठूलो लगानी आवश्यक नपर्ने र यो क्षेत्र ज्ञानमा आधारित भएकोले प्रतिस्पर्धी उपाय हुन सक्छ। यसमा स्टार्टअपको सम्भावना बढी देखिन्छ। स्टार्टअप व्यापारमा स्टार्टअप र इनोभेशनको खाँचो छ। यसले जोखिम न्यूनीकरण गर्दै नयाँ अवसरको ढोका खोल्न मदत पुऱ्याउँछ। यस अर्थमा चुनौती सामनाको लागि स्टार्टअप संस्कृतिलाई प्रवर्द्धन गरिनु वाञ्छनीय हुन्छ। सरकारले स्टार्टअप कर्जामार्फत प्रवर्द्धन गर्न खोजे पनि त्यो पारदर्शी हुन सकेको छैन। स्टार्टअप कर्जाको नाममा आसेपासे पोस्ने काम बढी भइरहेको अवस्थामा त्यसको प्रभावकारितामा ढुक्क हुने अवस्था छैन। स्टार्टअपलाई लगानी मात्र भएर पुग्दैन, कानूनी सहयोग, व्यवस्थापकीय क्षमताजस्ता कुरामा सहजीकरण र परामर्शको पनि खाँचो छ।

हामी उत्पादन र बजारीकरणका आन्तरिक सरोकारहरूको सम्बोधनमा पनि आवश्यकता जति गम्भीर देखिएनौं। अहिले सार्क सहुलियतमा छिमेकी बजार भारतमा वस्तु निकासीमा भइराखेको गैरभन्सार अवरोधलाई सम्बोधन गर्न सकिएको छैन। नियातकर्ताले अनेक हैरानी बेहोरिराखेका छन्। सरकार यो विषयमा जानकार भएर पनि बेखबरजस्तो प्रतीत हुन्छ।

**अवसर र उपयोग**

यसो त स्तरोन्नतिपछि वैदेशिक व्यापारमा नकारात्मक असर मात्रै पर्छ भन्ने होइन, विकासशील देशको उत्पादनको रूपमा नेपालका उत्पादनको विश्वसनीयता र त्यसबाट मूल्य शृङ्खलामा पर्न जाने सकारात्मक लाभ लिन सकिन्छ। गरीब राष्ट्रको ट्याग हटिसकेपछि छविमा सुधार आउने र विकासशील देशको सूचीका कारण वैदेशिक लगानी भित्रिने सम्भावना बढेर जान्छ। त्यो सम्भावना उपयोगका लागि हामीले लगानीसँग सरोकार राख्ने सहजीकरण र नीतिगत व्यवस्थाहरूको सुनिश्चिततामा विलम्ब गर्नुहुँदैन।

स्तरोन्नतिपछिका चुनौती चिर्दै सम्भाव्यता उपयोग गर्न कूटनीतिक चातुर्य र नीतिगत सुधार, निकासीमा राष्ट्रिय क्षमताको सुदृढीकरण, प्रतिस्पर्धी मूल्य, गुणस्तर, प्रविधि र बजार गन्तव्य देशहरूसँग क्षेत्रीय र द्विपक्षीय सम्झौताजस्ता कुराहरूमा आक्रामकरूपमा अघि नबढाउने हो भने यो अवसरको सट्टा अवनतिको उपक्रम हुन सक्छ भन्ने सचेतनाको अभाव खट्किएको छ।

# नेपालमा ९१ प्रतिशतले एचआइभी सङ्क्रमण घट्यो

शरद् शर्मा

काठमाडौं, १५ मङ्सिर/रासस

नेपालमा सन् २०२३ मा ९१ प्रतिशत एचआइभीको सङ्क्रमण घटेको पाइएको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले विश्व एड्स दिवसको अवसरमा जारी गरेको तथ्याङ्कमा सन् २००० को तुलनामा सन् २०२३ मा ९१ प्रतिशत एचआइभीको सङ्क्रमण घटेको पाइएको हो।

केन्द्रका निर्देशक डा सर्वेश शर्माका अनुसार सन् २०२३ मा ४५७ जना मात्र नयाँ एचआइभीका सङ्क्रमित भेटिएका छन्। सन् २००० मा पाँच हजार १०० जना नयाँ सङ्क्रमित भेटिएका थिए। उनले सरकारले एचआइभी उपचारमा उल्लेखनीय काम गरेकाले नयाँ सङ्क्रमित कम भइरहेको बताए। उनले सङ्क्रमितलाई उपचार प्रक्रियामा ल्याइएकाले सर्ने कम भएर घटेको बताए।

"हामीले सङ्क्रमितको पहिचान गरेर औषधि पद्धतिलाई राम्रो बनाएका छौं," उनले भने, "सबै सङ्क्रमित उपचारमा ल्याएका छौं, ती उपचारमा रहेका सङ्क्रमितले औषधि खाएपछि अरूलाई सार्दैनन् र सङ्क्रमित कम हुँदै गएका छन्।" औषधि खानेको शरीरमा भाइरसको भार न्यून हुने गरेको उनले बताए।

उनका अनुसार अहिले देखिएका सङ्क्रमितमध्ये ८७ प्रतिशतले औषधिसेवन गरिरहेका छन्। औषधि सरकारले निश्शुल्क उपलब्ध गराउँदै आएको छ। सन् २०२३ सम्म नेपालमा ३० हजार ३०० व्यक्ति एचआइभी सङ्क्रमित रहेका छन्। विश्वमा आठ करोड ८४ लाख मानिस एचआइभी सङ्क्रमित र चार करोड २३ लाख व्यक्तिको एड्सका कारणले मृत्यु भइसकेको छ। सन् २०२३ मा विश्वमा १३ लाख मानिस एचआइभी सङ्क्रमित भएका थिए।

**सन्दर्भ : विश्व एड्स दिवस**

यस्तै, एचआइभीबाट मृत्यु हुनेको सङ्ख्यामा कमी आएको छ। सन् २०२३ मा २३१ जनाको सङ्क्रमणको कारणले मृत्यु भएको छ। सन् २०१० मा एक हजार सात सयजना व्यक्तिको एड्सको कारणले मृत्यु हुने गरेको थियो। नेपालमा सन् १९९८ मा पहिलोपटक एचआइभी एड्स देखिएको थियो।

निर्देशक डा शर्माले अझै पनि उपचारबाट बाहिर रहेका करीब पाँच हजार सङ्क्रमितलाई उपचारमा ल्याउने हो भने सरकारले तोकेको लक्ष्य पूरा हुने बताए। "अझै करीब पाँच हजार सङ्क्रमित उपचारभन्दा बाहिर रहेका छन्," उनले भने, "हामी ती सङ्क्रमितको पहिचान गरेर उपचारमा ल्याउने प्रयासमा रहेका छौं।"

उनले एचआइभी सङ्क्रमितमाथि अझै समाजमा लाञ्छना र भेदभाव रहेकाले हटाउन आवश्यक रहेको बताए। नेपालमा एचआइभी सङ्क्रमितमध्ये उच्च जोखिममा रहेका समूहमा सुईद्वारा लागूपदार्थ प्रयोग गर्ने, यौनकर्मी, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारका लागि विदेशिने रहेका छन्।

तीमध्ये सुईद्वारा लागूपदार्थ प्रयोग गर्ने र पुरुष समलिङ्गी यौनकर्मीमा सङ्क्रमण दर अरू जोखिम समूहभन्दा उच्च रहेको छ। सन् २०२० को राष्ट्रिय सर्वेक्षण अनुसार सुईद्वारा लागूपदार्थ प्रयोग गर्नेमा तीन प्रतिशतका दरले एचआइभी सङ्क्रमण रहेको पाइएको छ। यस्तै, सन् २०१७/१८ मा गरिएको सर्वेक्षणमा महिला यौनकर्मीमा दुई दशमलव दुई प्रतिशत र पुरुष समलिङ्गीमा छ दशमलव दुई प्रतिशतका दरले एचआइभी सङ्क्रमण रहेको पाइएको छ।

सन् २०२४ मा सम्पन्न राष्ट्रिय सर्वेक्षण अनुसार भारतमा कामदार नेपालीमा शून्य दशमलव दुई प्रतिशत सङ्क्रमण रहेको पाइएको छ। नेपालमा राष्ट्रिय एचआइभी रणनीतिक योजना २०२१-२०२६ ले निर्देश गरेअनुरूप उच्च जोखिममा रहेका समूह जस्तै सुईद्वारा लागूपदार्थ प्रयोग गर्ने, यौनकर्मी र तिनका ग्राहक, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारका लागि विदेशिने तथा तिनका दम्पती एवं जेलमा रहेका कैदीका लागि एचआइभी रोकथाम कार्यक्रम तथा सङ्क्रमित र प्रभावितका लागि उपचार, हेरचाह तथा सहयोग कार्यक्रम सञ्चालन भइरहेको छ।

सोही योजना अनुसार नेपालमा सन् २०३० सम्ममा एड्स तथा एचआइभीलाई अन्त्य गर्ने रणनीति रहेको छ। अहिले अनुमानित एचआइभी सङ्क्रमितमध्ये ९५ प्रतिशतको पहिचान गर्ने, ९५ प्रतिशतको उपचार गर्ने र ९५ प्रतिशतको शरीरमा भाइरसको भार न्यून गर्ने योजना सरकारको रहेको छ।

केन्द्रका निर्देशक डा शर्माका अनुसार एचआइभी सङ्क्रमितमध्ये ९४ प्रतिशतको

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# भारतमा आँधीका कारण विद्यालय बन्द

बेङ्लोर, १५ मङ्सिर/एएफपी

भारतको दक्षिण क्षेत्रमा आएको शक्तिशाली चक्रवाती आँधीका कारण विद्यालयहरू बन्द गरिनुका साथै सयौं मानिसहरूलाई पानीबाट टाढा रहन आग्रह गर्दै बढ्दो छालहरूले तल्लो तटीय क्षेत्रहरूमा बाढीको खतरा निम्त्याउने जनाएको छ।



मानिसहरूलाई सुरक्षित आश्रयस्थलहरूमा सारिएको छ।

चक्रवात फेङ्गलले ७०-८० किलोमिटर प्रतिघण्टाको हावाको साथ तमिलनाडु राज्यमा अवतरण गर्ने पूर्वानुमान गरिएको भारतको मौसम ब्यूरोले जनाएको छ।

पूर्वानुमानले माछा मार्ने तमिलनाडुका धेरै जिल्लामा विद्यालय तथा कलेजहरू बन्द गरिनुका साथै कम्तीमा ४७१ जनालाई राहत शिविरहरूमा सारिएको इकोनोमिक टाइम्स अखबारले जनाएको छ।

पछिल्लो समयमा चक्रवातहरू उत्तरी अटलान्टिकमा आँधीबेहरी वा उत्तरपश्चिमी प्रशान्तमा टाइफुन जस्तै उत्तरी हिन्द महासागरमा नियमित खतराको रूपमा देखा परेका छन्।

यस हप्ताको शुरूमा श्रीलङ्काको तटमा फेङ्गलले छजना बालबालिकासहित कम्तीमा १२ जनाको ज्यान लिएको थियो।

वैज्ञानिकहरूले जीवाश्म इन्धनहरूको जलनबाट सिर्जित जलवायु परिवर्तनका कारण विश्वको तापमान वृद्धि हुँदा आँधीबेहरी अझै शक्तिशाली हुँदै गइरहेको चेतावनी दिएका छन्। रासस

# बाढीमा नौजनाको मृत्यु, हजारौं विस्थापित

बैंकक, १५ मङ्सिर/एएफपी

दक्षिणी थाइल्यान्डमा भारी वर्षापछि आएको बाढीले नौजनाको ज्यान लिनुका साथै १३ हजारभन्दा बढी विस्थापित भएका अधिकारीहरूले शनिवार बताएका छन्। उद्धार टोलीहरूले डुङ्गालगायतका सामग्रीको प्रयोग गरेर फसेका बासिन्दाहरूको उद्धार गर्ने प्रयास गरिरहेका उनीहरूले बताएका छन्।

स्थानीय मिडियाहरूले प्रसारण गरेका फुटेजमा बासिन्दाहरू तथा गाडीहरू बाढीले सडकमा डुबेका देखाइएको छ।

दक्षिणी थाइल्यान्डका आठ प्रान्तमा आएको बाढीले पाँच लाख ५३ हजार ९२१ घरपरिवारलाई प्रभावित गरेको तथा एजेन्सीहरूलाई तत्काल सहायता परिचालन गर्न निर्देशन दिएको देशको विपद् एजेन्सीले आधिकारिक पेजमार्फत जनाएको छ।

विस्थापितहरूलाई विद्यालय तथा मन्दिरहरूमा अस्थायी आश्रयस्थलहरू स्थापना गरी स्थानान्तरण गरिएको स्रोतले जनाएको छ।

तटीय सोङ्खला प्रान्तकी बासिन्दा नाम्पाले थाई पिबिएसलाई घट्दो खाद्यान्न आपूर्तिको बारेमा चिन्तित रहेको बताएकी छन्।

नजीकैको पट्टनी प्रान्तका दुईवटा अस्पतालले बाढीले चिकित्सा सुविधाहरूलाई क्षति पुग्ने भएकाले अस्पतालका सेवा स्थगित गरेका छन्।

छिमेकी उत्तरी मलेशियामा वर्षाले यस हप्ता कम्तीमा ८० हजार मानिसलाई अस्थायी आश्रयमा सार्न बाध्य पारेको बताउँदै विपद् अधिकारीहरूले कम्तीमा चारजनाको मृत्यु भएको बताएको पुष्टि गरेका छन्।

थाई मौसम विभागले आगामी हप्तासम्म देशको दक्षिणका केही क्षेत्रहरूमा भारी वर्षा जारी रहन सक्ने चेतावनी दिएको छ।

सरकारले प्रभावित बासिन्दाहरूलाई सहयोग गर्न उद्धार टोली तैनाथ गरेको छ भने प्रत्येक प्रान्तका लागि बाढी राहतमा १.७ मिलियन डलर तोकिएको छ।

थाई प्रधानमन्त्री पेतोङ्तार्न सिनावात्राले शुक्रवार सामाजिक सञ्जाल एक्समा सकेसम्म चाँडो सामान्य स्थिति पुनर्स्थापित गर्ने लक्ष्य रहेको बताएका छन्।

वैज्ञानिकहरूले मानवनिर्मित जलवायु परिवर्तनले मौसम ढाँचामा परिवर्तन निम्त्याइरहेको जनाउँदै यसले विनाशकारी बाढीको सम्भावना बढ्ने बताएका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – यात्रालाभ |
| मिथुन – शत्रुभय | कर्कट – चोरभय |
| सिंह – उदरपीडा | कन्या – विजय |
| तुला – धनक्षति | वृश्चिक – भाग्योदय |
| धनु – बेचैनी | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – राज्यभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# गूगलद्वारा फिनल्यान्डमा डाटा सेन्टर विस्तार

हेलसिङ्की, १५ मङ्सिर/सिन्हवा

गूगलले आफ्नो डेटा सेन्टर सञ्चालन गर्न फिनल्यान्डमा दुई करोड ७० लाख युरोको जग्गा खरीद गरेको छ।




सरकारको प्रेस विज्ञप्ति अनुसार गूगलले सन् २०११ देखि फिनल्यान्डमा डेटा सेन्टरहरू सञ्चालन गर्दै आएको छ।

फिनल्यान्डमा गूगलले आफ्नो पहिलो डेटा सेन्टर सन् २००९ मा देशको राजधानी हेलसिङ्कीबाट १४५ किलोमिटर पूर्वमा रहेको शहर हमिनामा बनाएको थियो। उक्त डेटा सेन्टरमा हाल करीब ४०० पूर्णकालिक कर्मचारी कार्यरत छन्।

स्थानीय सञ्चारमाध्यमका रिपोर्टका अनुसार यस वर्षको मे महीनामा अमेरिकी टेक कम्पनीले आफ्नो हमिना कार्यालय विस्तार गर्न एक अर्ब युरोको नयाँ लगानी घोषणा गरेको छ, जसले आगामी दुई वर्षमा थप रोजगार सिर्जना गर्ने अपेक्षा गरिएको छ। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**चित्तलको बथानः** शुक्लाफाँटा नगरपालिकाको वन समिति स्थित नागेश्वर मध्यवर्ती सामुदायिक वनमा रहेको चित्तलको बथान। तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस

# व्यापार घाटा तीन खर्ब ५२ अर्ब ३७ करोड

काठमाडौं, १५ मङ्सिर/रासस

चालू आर्थिक वर्षको तीन महीनामा मुलुकको व्यापार घाटा चार प्रतिशतले कमी आएको छ।

नेपाल राष्ट्र बैंकका अनुसार कुल वस्तु निर्यातमा छ दशमलव एक प्रतिशतले कमी आई रु ३८ अर्ब ३८ करोड कायम भएको छ। यस्तै, वस्तु आयातमा चार दशमलव दुई प्रतिशतले कमी आई रु तीन खर्ब ९० अर्ब ७५ करोड कायम भएको छ।

गत वर्षको तुलनामा व्यापार घाटामा चार प्रतिशतले गिरावट आई रु तीन खर्ब ५२ अर्ब ३७ करोड रहन गएको छ। यस्तै, विप्रेषण आप्रवाह ११ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु चार खर्ब सात अर्ब ३१ करोड रहन गएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २५ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु तीन खर्ब ६५ अर्ब ३७ करोड पुगेको थियो।

चालू आवको पहिलो त्रैमासमा चालू खाता रु एक खर्ब ११ अर्ब ८७ करोड र शोधनान्तर स्थिति रु एक खर्ब ८४ अर्ब ९९ करोडले बचतमा छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालू खाता रु ५९ अर्ब ६५ करोड र शोधनान्तर स्थिति रु एक खर्ब एक अर्ब ६६ करोडले बचतमा रहेको थियो।

औसत उपभोक्ता मुद्रास्फीति चार दशमलव २६ प्रतिशत रहेको छ। गत असोजमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ८२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महीनामा मुद्रास्फीति सात दशमलव ५० प्रतिशत रहेको थियो।

तरकारी तथा दलहन उपसमूहको उच्च मूल्यवृद्धिका कारण २०८१ असोजमा वार्षिक बिन्दुगत आधारमा खाद्यान्न समूहको मुद्रास्फीति सात दशमलव १८ प्रतिशत रहेको छ भने गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ५० प्रतिशत रहेको छ।

अघिल्लो वर्षको सोही महीनामा यी समूहको मुद्रास्फीति क्रमशः आठ दशमलव ४८ र छ दशमलव ८५ प्रतिशत रहेको थियो।

गत असोजमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति पाँच दशमलव ५१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति दुई दशमलव ७८ प्रतिशत थियो। त्यसैगरी, तलब तथा ज्याला सूचकाङ्क तीन दशमलव ३६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क पाँच दशमलव ६५ प्रतिशतले बढेको थियो।

# मदन भण्डारी फाउन्डेशनको पर्सा अध्यक्षमा नेपाल

प्रस, वीरगंज, १५ मङ्सिर/

मदन भण्डारी फाउन्डेशनले शनिवार




वीरगंजमा आयोजना गरेको भेलाले नेपाल पत्रकार महासङ्घ, पर्साका पूर्वअध्यक्ष शत्रुघ्न नेपालको अध्यक्षतामा १५ सदस्यीय जिल्ला कार्यसमिति गठन गरेको छ।

नवगठित कार्यसमितिमा उपाध्यक्ष रामबाबू सिंह, सचिव कमलेश गुप्ता, उपसचिवद्वय अल्का प्रधान, तिवारी यादव, कोषाध्यक्ष हरिशङ्करलाल कर्णलगायत सदस्यहरू छन्।

फाउन्डेशनका केन्द्रीय सदस्य राजमहमद रायले मदन भण्डारी फाउन्डेशनले विशुद्ध सामाजिक कार्य गर्दै आएको बताए। उनले फाउन्डेशनले विभिन्न विचार बोकेका मानिसहरूलाई समेटेर मदन भण्डारीका विचारहरूलाई देशभर फैलाउने कार्य गरेको र सोही अनुसार पर्सामा नयाँ कार्यसमिति गठन गरिएको बताए।

एमाले पर्साका अध्यक्ष प्राडा विश्वम्भर शर्माले प्रगतिशील विचार राखेका व्यक्तिहरू राजनीतिमा कुनै दलविशेषसँग आबद्ध नभएकालाई पनि फाउन्डेशनमा राखेर मदन भण्डारीका विचारहरूलाई फैलाउने कार्य गर्नु प्रशंसनीय भएको बताए।

उनले कार्यसमितिमा बौद्धिक व्यक्तित्वहरूलाई समावेश गर्दै अगाडि बढ्न शुभकामना दिए। भेलामा प्रेस चौतारी नेपाल पर्साका अध्यक्ष तुलसी भण्डारी, एमालेका प्रदेश सदस्य सलाउद्दीन अहमद, जिल्ला सचिव महेश दास, मनोज कुशवाहा, अखिलेश साहलगायतको सहभागिता थियो।

**नेपालमा ...**

पहिचान, ८७ प्रतिशतको उपचार र ७४ प्रतिशतको शरीरमा भाइरसको भार न्यून भइसकेको जानकारी दिए।

हाल ६१ जिल्लाका ८४ एआरटी सेन्टरबाट एन्टिरेट्रोभाइरल उपचार निश्शुल्क उपलब्ध रहेको छ। देशका सबै जिल्लामा आमाबाट बच्चामा हुने सङ्क्रमण रोकथाम गर्न समुदायमा आधारित कार्यक्रम सञ्चालन भइरहेको छ। आइतवार डिसेम्बर १ तारिख नेपालसहित विश्वभरि नै ३७औं विश्व एड्स दिवस 'एड्स अन्त्यका लागि सबैको सुनिश्चितता गरौं' नाराका साथ मनाइँदै छ।

### कोर्ट नोटिस

न्यायालय अवर न्यायाधीश, नरकटियागंज जिला- प. चम्पारण।

स्वत्व वाद सं- 212/2023

विजय कुमार राय वगै. ..................................मुदईयान

बनाम

बिहार सरकार वगै. ........................................मुद्दालहम्

**सूचना**

बनाम

**1. मन्तुरा देवी पति जग्गु महतो, बेटी स्व सुबन महतो, साकिन मौजा- टिहुकी, पो.- रानीगंज रहरिया, थाना- पोखरिया, जिला- पर्सा (नेपाल)**

इस प्रकाशन के माध्यम से आपको सूचित किया जाता है कि मुदई विजय कुमार राय वल्द स्व विश्वनाथ राय वगैरह, साकिन- सतवरिया, पो.- सिंहपुर, नजारत एवं निबन्धित डाक से सूचना के बावजूद आप उपस्थित नहीं हुई है। अतः इस प्रकाशन के माध्यम से आपको सूचित किया जाता है कि अगली निर्धारित तिथि 12-12-24 को 10:30 बजे स्वयं अथवा अपने अधिवक्ता के माध्यम से उपस्थित होकर अपना पक्ष प्रस्तुत करें अन्यथा अनुपस्थित मानते हुए वाद में एकपक्षीय कार्रवाई प्रारम्भ कर दी जायेगी। इसे ताकिद जाने।

आज दिनांक 18-11-24 को मेरे हस्ताक्षर एवं मुहर से जारी किया गया।

**अवर न्यायाधीश**
**नरकटियागंज, प. चम्पारण**

# तीन ठाउँमा ४१३ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १५ मङ्सिर/

रेडियो वीरगंजले २२औं वार्षिकोत्सवको अवसरमा शनिवार आयोजना गरेको रक्तदान कार्यक्रममा २२ जना महिलासहित २२१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए । रेडियो परिसरमा आयोजित कार्यक्रममा भारतीय महावाणिज्यदूत देवीसहाय मीणा, शशिकान्तमणि त्रिपाठी, शेख सम्साद, भोलाकुमार साह, दिलकृष्णप्रसाद यादव, रामपुकार साह, रमेन्द्र बैठा, विशाल थापा, पशुपतिनाथ दुबे, राजु थापामगर, श्रीनारायण चौधरी, सरीता घिमिरे, हेमन्त थापा, रामेश्वर पटेल, स्नेहा पूर्वी, ओमप्रकाश मिश्र, रामप्रवेश चौधरी, अफरोज अर्पण, प्रदीप पडित, कमलेश गुप्ता, महमद कलाम, धीरज चौधरी, प्रभु साह, संजोग श्रेष्ठ, रूपेशकुमार चौधरी, मनोज मिश्र, रेणु चौधरी, चन्दन श्रीवास्तव, धुरूपप्रसाद गुप्ता, सुमन साह, शिवचरण दास, धीरेन्द्रप्रताप सिंह, अरुणकुमार तिवारी, सविता लम्साल, ओमप्रकाश खनाल, राजबलि पासवान, रञ्जना अधिकारी, राजेन्द्र भट्टराई, देवन्ती साह, लीना मिश्र, रेणुदेवी यादव, रेनुदेवी चौरसिया, रामविद्यादेवी चौधरी, श्वेता श्रेष्ठ, दीपेन्द्र प्रजापति, विभा गुप्ता, सुशान्त चाचान, कृति कुम्हाल, रिया न्यौपाने, नीलम कुशवाहालगायतले रक्तदान गरेका थिए ।






रेडियो वीरगंजका अध्यक्ष ध्रुव साहको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य श्याम पटेल, प्रहरी उपरीक्षक कुमोद ढुङ्गेल, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, रक्तसञ्चार केन्द्रकी संयोजक मधु राणा, समाजसेवी पशुपति विक्रम शाह, उषा शाह, मधेस विश्वविद्यालयका उपकुलपति प्राडा दीपक शाक्य, नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, सामाजिक कार्यकर्ता प्रकाश थारू, राष्ट्रिय मुक्ति क्रान्ति पार्टीका नेजामुद्दीन समानी, ग्रीन सिटी सामुदायिक केन्द्रका अध्यक्ष जयप्रकाश खेतानलगायतको सहभागिता थियो ।

यसैगरी, आज वीरगंजको माईस्थान पार्कमा रोट्राचाक्ट क्लब अफ वीरगंज युनाइटेडले आयोजना गरेको रक्तदान




कार्यक्रममा आठजना महिलासहित ५० जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए । कार्यक्रममा विद्या भारती, पुष्पलता थापा, रीमा गुप्ता, साक्षी गुप्ता, हिमांशु तिवारी, रोहित साह, फैयाज अन्सारी, रामानन्द ठाकुर, रोशन वर्णवाल, पप्पु पडित कुम्हार, राजकुमार चौधरीलगायतले रक्तदान गरेका थिए ।

यस्तै, नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल वीरगंजले हिजो शुक्रवार रौतहट जिल्लाको कटहरिया नगरपालिका–४ मधेस प्रदेश विवाह परिसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा १४२ जनाले रक्तदान गरेका थिए । सो अवसरमा आयोजित स्वास्थ्य शिविरमा १८२ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो । कलेजका प्रबन्ध निर्देशक शाहनबाज अन्सारीले मधेस प्रदेशका सबै पालिकामा निश्शुल्क रक्तदान, स्वास्थ्य शिविर आयोजना गरिने बताए ।

वडाध्यक्ष चन्दनकुमार कुशवाहाको अध्यक्षतामा भएको कार्यक्रममा कलेजका डा आलोक सिंह, डा मनोजकुमार गुप्ता, डा स्वाती साहले बिरामीहरूको परीक्षण गरेका थिए ।

## टिपरको ठक्करबाट युवकको मृत्यु

प्रस, वीरगंज, १५ मङ्सिर/

वीरगंज महानगरपालिका–१७ अलौंस्थित छवगछियामा शनिवार टिपरको ठक्करबाट मोटरसाइकलमा सवार एकजना युवकको मृत्यु भएको छ ।



ना.८ख २६११ नम्बरको टिपरको ठक्करबाट बिआर२२बिजी१४५२ नम्बरको भारतीय मोटरसाइकल चालक जीराभवानी गापा–५ सखुवनिया निवासी २५ वर्षीय प्रभुराउत थारूको मृत्यु भएको र पछाडि सवार सोही स्थानका २० वर्षीय राकेश महतो सामान्य घाइते भएका जिल्ला प्रहरी कार्यालय, पर्साका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक किशोर लम्सालले बताए । उनले थारूको घटनास्थलमैं मृत्यु भएको र घाइते महतोलाई उपचारको लागि नारायणी अस्पताल पठाइएको बताए । ठक्कर दिने टिपर र चालक प्रहरी नियन्त्रणमा रहेको उनले बताए ।


## महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

> महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,

> हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,

> उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,

**आफन्त, नातेदार, छिमेकी, साथीभाइ वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## एनपिएलको उद्घाटन खेलमा जनकपुर बोल्ट्स विजयी

काठमाडौं, १५ मङ्सिर/रासस

नेपाल प्रिमियर लिगको उद्घाटन खेलमा जनकपुर बोल्ट्स विजयी भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सम्पन्न खेलमा जनकपुर बोल्ट्सले विराटनगर किङ्सलाई आठ विकेटले पराजित गरेको हो । टस हारेर पहिला ब्याटिङ गरेको विराटनगरले १९ ओभरमा सबै विकेट गुमाएर १२७ रन बनाएको थियो । १२८ रनको विजयी लक्ष्य जनकपुर बोल्ट्सले १५ दशमलव तीन ओभरमा दुई विकेट गुमाएर पूरा गर्‍यो ।

जनकपुर बोल्ट्सका लागि विदेशी खेलाडी लाहिरु मिलन्थाले अर्धशतक पारी खेले । उनले ५३ बल खेल्दै नौ चौका र तीन छक्काको मदतमा ७५ रन बनाए । यस्तै, विदेशी खेलाडी हर्ष थाकरले अविजित रहँदै २९ रन जोडे । यस क्रममा उनले ३३ बल खेल्दै दुई चौका प्रहार गरे । कप्तान अनिलकुमार साहले पाँच रनको योगदान दिए । आशिफ शेख शून्य रनमैं पभेलियन फर्किए ।


तस्वीर: क्यान

बलिङतर्फ विराटनगरका लागि विदेशी खेलाडी क्रिस सोले र प्रतीश जिसीले एक/एक विकेट लिए । विराटनगरले जनकपुर बोल्ट्सलाई २२ रन अतिरिक्त दिएको थियो ।

यस अघि पहिला ब्याटिङ गरेको विराटनगर किङ्सले १९ ओभरमा सबै विकेट गुमाउँदै १२७ रन बनाएको थियो । विराटनगर किङ्सका लागि विदेशी खेलाडी मार्टिन गप्टिलले अर्धशतक पारी खेले । उनले ४३ बल खेल्दै एक छक्का र सात चौकाको मदतमा ५५ रन बनाए । यस्तै, अकिब इलियासले १५, निकालेस कीर्तनले नौ, लोकेश बलले पाँच तथा बसिर अहमद, सन्दीप लामिछाने र अनिल खरेलले समान सात/सात रन बनाए ।

बलिङतर्फ जनकपुर बोल्ट्सका लागि ललितनारायण राजवंशीले सर्वाधिक तीन विकेट लिए । यस्तै, किशोर महतो र हर्ष थाकरले समान दुई/दुई तथा मोहमद मोहसिन र बेन माइकले समान एक/एक विकेट लिए ।

## विश्व विजेता किक बक्सर ‘हिमचितुवा’ घिमिरे सम्मानित

काठमाडौं, १५ मङ्सिर/रासस

किक बक्सिङ खेल क्षेत्रमा ऐतिहासिक कीर्तिमान बनाउन सफल भएका नेपाली युवा किक बक्सर अविरल घिमिरे‘हिमचितुवा’ सम्मानित भएका छन् । बाग्मती प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्री सुरजचन्द्र छामिछाने, युवा तथा खेलकूदमन्त्री मीनकृष्ण महर्जनले हिट किक बक्सिङ (एमएमए)द्वारा शनिवार आयोजित कार्यक्रममा इस्का र हिट किक बक्सिङ दुवै प्रतियोगिताको विश्वविजेता घिमिरेलाई विशेष सम्मान गरेका हुन् ।

बक्सर घिमिरेले किक बक्सिङ खेल क्षेत्रमा ऐतिहासिक कीर्तिमान बनाइ विश्वमा नयाँ ‘रेकर्ड’ कायम गरेको जनाउँदै शुक्रवार धनबहादुर खेलकूद प्रतिष्ठानले अभिनन्दन गरेको थियो । चन्द्रागिरि नगरपालिका–१२ गुर्जुधारा बलम्बूका उनी आफ्नो परिवारका साथ हाल जापानको नागोया शहरमा बसोबास गर्छन् ।

स्वदेश आउँदा उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पूर्वमन्त्री कृष्णगोपाल श्रेष्ठ, मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष विनोद श्रेष्ठ, बाग्मती प्रदेशसभा सदस्य रमा आले, काठमाडौं जिल्ला खेलकूद परिषद्का अध्यक्ष




भाइकृष्ण बलामीलगायतले स्वागत गरेका थिए ।

‘हिमालय चितुवा’ घिमिरेले इन्टरनेशनल स्पोर्ट्स किक बक्सिङ एशोसिएशनद्वारा नागोया कङ्ग्रेस सेन्टरमा गत कात्तिक १० गते आयोजित ‘इन्टरनेशनल किक बक्सिङ’ (इस्का) प्रतियोगिताको उपाधि चुमेर विश्वविजेता बनेका थिए । यो प्रतियोगितामा उनले फ्रान्सका कडा प्रतिद्वन्द्वी एन्टोनिन मार्कोनीलाई ढाल्दै ‘वर्ल्ड च्याम्पियन’ हुन सफल भएका थिए ।

यसका लागि बक्सर घिमिरेले आफ्नै खर्चमा थाइल्यान्डको फुकेट शहरमा रहेको टाइगर मोओथाई अन्तर्राष्ट्रिय क्लबमा दुई महीनाको विशेष बन्द प्रशिक्षण लिएका थिए । यो प्रशिक्षण लिने उनी पहिलो नेपाली बक्सरसमेत भएका छन् ।

इस्काको उपाधि चुमेपछि बक्सर घिमिरेले आफ्नो जीतका लागि पिता तथा मुख्य प्रशिक्षक देव घिमिरे, आफूले प्रशिक्षण लिइरहेको सिमुरा डोजो, हलसम्म आएर हौसल प्रदान गर्ने नेपाली, कोरियन तथा जापानी खेलप्रेमीलाई विशेष धन्यवाद दिएका थिए ।

‘हिमालय चितुवा’का रूपमा विश्वप्रसिद्ध भएका घिमिरे सो प्रतियोगितामा आमनेसामने हुने पहिलो नेपाली बक्सर भएका थिए । प्रतियोगिताको मुख्य आकर्षणका रूपमा रहेको अन्तिम खेल (मेन इभेन्ट म्याच) मा घिमिरेले पहिलो राउन्डमैं आफ्ना प्रतिस्पर्धी मार्कोनीलाई रिङमा ढालेर ‘इन्टरनेशनल किक बक्सिङ’को उपाधि चुमेका थिए ।

हालसम्म प्रोफेशनल किक बक्सिङ हिट प्रतियोगिताको १४ खेलको अपराजित यात्राको जीत हासिल गर्ने क्रममा हिमचितुवाले चारपटक हिट प्रतियोगिताको ‘टाइटल म्याच’को उपाधि (बेल्ट)समेत रक्षा गर्दै ‘मिडल वेटको रेकर्ड’समेत कायम राख्न सफल भएका थिए ।

उनले विश्वप्रसिद्ध के वान प्रोफेशनल किक बक्सिङ प्रतियोगितामा दुईवटा इभेन्ट आफ्नो पक्षमा पारी प्रतिस्पर्धीलाई ‘नक आउट’ गर्न सफल भएका थिए । हालसम्म फ्रान्स, जापान, दक्षिण कोरिया, ब्रजील, बोलिभिया, नेदरल्यान्ड, थाइल्यान्डलगायत देशका बक्सरहरूलाई पराजित गरिसकेका युवा पुस्ताका चर्चित खेलाडी घिमिरेले अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली झन्डा फहराउँदै विश्वमा नेपालको पहिचान बनाउन सफल भएका छन् ।

जापानको नागोया शहरमा अविरल आफ्ना पिता पूर्व अन्तर्राष्ट्रिय किक बक्सर तथा फुल कन्टयाक कराँते खेलाडी देव घिमिरेको विशेष प्रशिक्षणमा रहँदै आएका छन् । कराँते खेलाडी देव सन् २००४ मा कोरियाको सोलमा सम्पन्न ‘के वान प्रोफेशनल किक बक्सिङ प्रतियोगिता’मा सहभागी हुने पहिलो दक्षिण एशियाली खेलाडी हुन् ।